# शिवालय गाउँपालिका
# गाउँकार्यपालिकाको कार्यालय
सिमा, जाजरकोट
कर्णाली प्रदेश , नेपाल

## औषधी खरिद सम्बन्धि सिलबन्दि दरभाउपत्र आह्वन सम्बन्धी सूचना

**( प्रथम पटक प्रकाशित मिति: २०८१/०६/२५ गते)**

यस कार्यालयको आ.व. २०८१/०८२ को तपशील वमोजिमको स्वीकृत कार्यक्रम **सिलबन्दि दरभाउपत्र** माध्यमबाट खरिद गर्नु पर्ने भएकाले सोसँग सम्बन्धित आपूर्तिकर्ताहरुले निम्नशर्तहरूको अधिनमा रही **दरभाउपत्र** पेश गर्नु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ: ।

शर्तहरू

१. आपूर्तिकर्ताहरुले आ.व. **२०८०/०८१** को करचुक्ता को प्रमाण पत्रको प्रमाणित प्रतिलिपि, व्यवसाय नवीकरण भएको ईजाजतपत्रको प्रमाणित प्रतिलिपि,आय कर तथा मूल्य अभिवृद्धि कर दर्ता प्रमाण पत्रको प्रमाणित प्रतिलिपि , चालु आ.व. को लागी औषधी व्यवस्था बिभागको नविकरण भएको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि, खरिद कारवाहिमा स्वार्थ नवाझिएको वा व्यवसाय सम्वन्धि कसुरमा आफुले सजाय नपाएको भनि स्वयं घोषणा पत्र र आधिकारिक पावर अफ एट्रोनी पेश गर्नु पर्नेछ ।

२. तपशीलमा उल्लेख भएअनुसार दस्तुर (फिर्ता नहुने गरी) शिवालय गाउँपालिका कार्यालयको Himalayan Bank Pvt. Ltd शाखामा रहेको ग-१-१ शिवालय गाउँपालिका आन्तरिक राजश्व खाता नं.२७३५१९७४२५००७८ मा जम्मा गरेको भौचर पेश गर्नु पर्नेछ ।

३. खरिद भएको **सिलबन्दि दरभाउपत्र** फारमहरू उल्लेख भएका सबै बिबरण रितपूर्वक भरी **बोलपत्रदाताले** सही छाप गरी कामको विवरण, **बोलपत्रदाताको** नाम, ठेगाना र फोन नं. समेत स्पष्ट खुलाई फर्मको छाप लगाई मिति **२०८१/०६/०९** दिउसो १२:०० बजेसम्म सार्वजनिक खरिद अनुगमन कार्यालय **(PPMO)** को webpage www.bolpatra.gov.np/egp मार्फत दर्ता गर्नुपर्नेछ ।

४. दर्ता भएका **सिलबन्दि दरभाउपत्रहरु** सोही दिन दिनको २:०० बजे कार्यालयका प्रतिनिधिहरू र **बोलपत्रदाता** वा निजको प्रतिनिधिहरूको रोहबरमा खोलिने छ ।**बोलपत्रदाता** वा निजको प्रतिनिधिहरू उपस्थित नभएमा पनि **दरभाउपत्र** खोल्ने कार्यमा कुनै बाधा पर्ने छैन ।

५. **सिलबन्दि दरभाउपत्र** बिक्री तथा दाखिला गर्न अन्तिम दिन सार्वजनिक बिदा परेमा उक्त कार्यहरू विदाको लगत्तै पछि कार्यालय खुलेको दिन सोही बमोजिम हुनेछ ।

६. **सिलबन्दि दरभाउपत्र** पेश गर्दा जमानत बापत तपशीलमा तोकिएको रकम यस कार्यालयको नाममा रहेको ग ३ शिवालय गाउँपालिका स्थानीय तह धरौटी खाता नं.२७३५१९७४२५००११ मा रकम जम्मा गरी बैंक भौचर वा नेपाल सरकारबाट मान्यताप्राप्त बैंकबाट जारी भएको **७५** दिनको मान्य अवधिभएको बैंक जमानत पेश गर्नु पर्ने छ ।

७. **बोलपत्रदाताले दरभाउपत्रमा** दररेट भर्दा मूल्य अभिवृद्धि कर **बाहेकको** दररेट उल्लेख गर्नु पर्नेछ । **दरभाउपत्रमा** प्रत्येक Item wise दर अंक र अक्षर दुवै स्पष्ट लेख्नु पर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिइनेछ । केरमेट भएको ठाउँमा **बोलपत्र** दाताको सहीछाप भएको हुनु पर्नेछ ।

८. यस गाउँपालिकाको हितलाई ध्यानमा राखी कुनै जनाई वा नजनाई पूरा वा आंशिक रुपमा स्वीकृति गर्ने वा नगर्ने अधिकार यस गाउँपालिकामा सुरक्षित रहनेछ ।

९. रित नपुगी वा म्याद नाघी र कुनै शर्त राखी पेश हुन आएका **दरभाउपत्रहरु** मान्यहुने छैन ।

१० .यस सूचनामा उल्लेख नभएका कुराहरूको हकमा सार्वजनिक खरिद ऐन २०६३ र नियमावली २०६४ (संशोधन सहित) तथा प्रचलित कानुन अनुसार हुनेछ ।

१२. कामको गुणस्तर स्वीकृत स्पेशिफिकेशन अनुसार हुनु पर्नेछ । **बोलपत्रदाताले** सम्पादन गर्ने कामको सम्बन्धमा राम्रोसँग बुझी दररेट भरेको मानिनेछ
।

१३. औषधीहरु **WHO GMP Certified Company** बाट उत्पादित भएको हुनु पर्नेछ । सप्लाई हुने औषधीतथा सामाग्रीहरुको प्रत्येक प्याकिङ्गको बाहिर उत्पादन मिति, **Expired Date** र ब्याचनम्बर लेखिएको हुनु पर्नेछ । औषधीको म्याद न्यूनतम १८ महिना सम्मको बाँकी रहेको हुनु पर्नेछ । साथै नेपाल सरकारबाट नि:शुल्क रुपमा वितरण गरिने विषय उल्लेख भएको हुनु पर्नेछ ।

**१४.दरभाउपत्र** मुल्यांकन गर्दा कार्यालयले आवश्यक ठानेमा नमुना सामान माग गरि सो को आधारमा मुल्यांकन गर्न सक्नेछ ।

**१५.बोलपत्रदाताले** कवोल गरेको **दरभाउपत्रमा** तोकिएको परिमाण मापदण्ड अनुसार र समयमा सामान सप्लाई गर्न नसकेमा बजारबाट सिधै खरीद गरिनेछ। त्यसरी खरीदगर्दा **दरभाउपत्रमा** उल्लेख गरिएको मुल्यभन्दा बढी पर्न गएमा **दरभाउपत्रम** दाताको धरौटी रकम वा भुक्तानी गर्न बाकि रकमबाट असुलउपर गरिनेछ।

१६. **दरभाउपत्रमा** उल्लेखित सामानहरु पटक पटक वा एकमुष्ट रुपमा खरीद गरिने छ। खरीद गरिने सामानको परिमाण आवश्यकता अनुसार घटवढ हुन सक्नेछ।

१७. थप जानकारीको लागि यस कार्यलयको स्वास्थ्य शाखामा सर्म्पक राख्न सकिनेछ